काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४४ ❐ मंगलवार, २ असार, २०८३ ❐ Tuesday, 16 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

कर्णाली सरकारले ल्यायो ३५ अर्ब ३९ करोडको बजेट

पुरानै कार्यक्रमलाई निरन्तरता, भौतिक मन्त्रालयलाई सबैभन्दा बढी बजेट !

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १ असार

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्री राजीव विक्रम शाहले सोमबार प्रदेश सभामा बजेट प्रस्तुत गर्दै पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा स्थानीय तहको सुदृढीकरणलाई प्राथमिकतामा राखिएको बताए।

चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँको बजेट ल्याएको थियो। यसपटकको बजेट अघिल्लो वर्षको तुलनामा ७.२८ प्रतिशतले बढी हो।

कुल बजेटमध्ये चालुतर्फ ८ अर्ब ६० करोड ४५ लाख ५६ हजार रुपैयाँ (२४.३१ प्रतिशत), पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ (५८.६१ प्रतिशत), वित्तीय व्यवस्थापनतर्फ ५० करोड रुपैयाँ (१.४१ प्रतिशत) तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि ५ अर्ब ५४ करोड ७२ लाख ८० हजार रुपैयाँ (१५.६७ प्रतिशत) विनियोजन गरिएको छ।

प्रदेश सरकारले आगामी वर्षका लागि आन्तरिक आयबाट ८५ करोड ५ लाख ९० हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ। चालु आर्थिक वर्षबाट ६ अर्ब ४१ करोड ५१ लाख ९ हजार रुपैयाँ बचत बाँकी पृष्ठ २

पुरानै प्रतिबद्धताको पुनरावृत्ति

बजेटको आकार करिब तीन अर्ब रुपैयाँले बढे पनि सरकारले नयाँ कार्यक्रमभन्दा पुरानै योजना र अधुरा आयोजनालाई निरन्तरता दिने रणनीति लिएको देखिन्छ। सडक, खानेपानी, स्वास्थ्य संस्था, पर्यटन पूर्वाधार तथा ऊर्जा क्षेत्रका अधिल्ला वर्षदेखि सञ्चालनमा रहेका आयोजना यसपटक पनि प्राथमिकतामा परेका छन्।

प्रदेश सरकारले अधुरा आयोजना सम्पन्न गर्ने प्रतिबद्धता दोहोर्याए पनि विगतका वर्षमा कमजोर खर्च क्षमता, प्रशासनिक जटिलता तथा समन्वय अभावका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेको थिएन। त्यसैले यस वर्षको बजेटको सफलता घोषणा गरिएका कार्यक्रमभन्दा पनि कार्यान्वयन क्षमतामै निर्भर रहने देखिएको छ। यसपटक सरकारले 'शून्य बेरुजु'को महत्वाकांक्षी लक्ष्य अघि सारेको छ। हाल प्रदेशमा चार अर्ब ७० करोड रुपैयाँभन्दा बढी बेरुजु रहेको अवस्थामा उक्त लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण मानिएको छ। वित्तीय अनुशासन, पारदर्शिता र सुशासनलाई प्राथमिकतामा राखिएको दाबी गरिए पनि विगतमा खर्च व्यवस्थापन र अनुगमन प्रणाली प्रभावकारी बन्न नसकेको आलोचना हुँदै आएको छ।पर्यटनतर्फ सुर्खेत विमानस्थल विस्तार तथा कर्णालीका जिल्लामा नियमित हवाई सेवा सञ्चालन गर्ने प्रतिबद्धता पनि पुनः दोहोरिएको छ। यद्यपि यी योजनाको कार्यान्वयन प्रगति अपेक्षाअनुसार हुन नसकेको गुनासो विगतदेखि रहँदै आएको छ। बजेटमार्फत सरकारले विकासका अधुरा आयोजना सम्पन्न गर्ने सन्देश दिएको भए पनि नागरिकले अपेक्षा गरेको परिणाम प्राप्त गर्न कार्यान्वयन क्षमता, वित्तीय अनुशासन र प्रभावकारी अनुगमनमा सुधार अपरिहार्य देखिएको छ।



कृषि आधुनिकीकरणमा जोड

कर्णालीले विगतमा अर्गानिक प्रदेशको नारालाई प्रमुखताका साथ उठाउँदै आए पनि अहिले उक्त शब्द बजेटबाट हराएको छ। यसमा आधुनिकीकरणका कुरा धेरै समेटिएका छन्। त्यो पनि विगतकै निरन्तरता।

कृषिको आधुनिकीकरण, उत्पादन लागत न्यूनीकरण र उत्पादकत्व वृद्धि गर्न कृषि यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिन १ करोड ९६ लाख विनियोजन गरिएको अर्थमन्त्री शाहले बताए। यस्तै ५ हेक्टरभन्दा बढी क्षेत्रफलमा कृषि व्यवसाय गर्ने उद्यमीहरूलाई ब्याजमा शतप्रतिशत सहुलियत प्रदान गरिने, ५ हेक्टरभन्दा कममा व्यावसायिक खेती तथा पशुपालन गर्ने कृषक, समूह र सहकारीका लागि ७ करोड ६२ लाख ८० हजार विनियोजन गरिएको छ।

'एक गाउँ, एक व्यावसायिक फलफूल बर्गैंचा' कार्यक्रमलाई निरन्तरता दिइएको छ भने स्याउ, ओखर, सुन्तला, किबी, ड्रागन फ्रुट, एभोकाडो लगायतका फलफूल विकासका लागि १९ करोड २२ लाख ५२ हजार विनियोजन गरिएको छ। सुर्खेत र मुगुमा कपास खेती प्रवर्द्धन र विभिन्न जिल्लामा कृषि तथा पशुपक्षी स्रोत केन्द्र स्थापनाका लागि रु ७ करोड १५ लाख छुट्याइएको छ।

'कृषिमा युवा आकर्षण बढाउन र व्यावसायिक परियोजनामा आधारित निर्वाचन क्षेत्र विशेष युवा लक्षित कार्यक्रमका बाँकी पृष्ठ २

एमयूको चौथो दीक्षान्त समारोह हुँदै

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १ असार

मध्यपश्चिम विश्वविद्यालय (एमयू) ले आगामी असार ३ गते आफ्नो चौथो दीक्षान्त समारोह आयोजना गर्ने भएको छ। विश्वविद्यालयले सोमबार पत्रकार सम्मेलनमार्फत चौथो दीक्षान्त समारोह, १८औं विश्वविद्यालय सभा तथा १६औं वार्षिकोत्सव एकै दिन सम्पन्न गरिने जानकारी दिएको हो। विश्वविद्यालयका अनुसार यस वर्ष ग्रेस लिस्टमा समावेश भएका एक हजार ९ सय २८ जना विद्यार्थीलाई विभिन्न तहका शैक्षिक उपाधिसहित दीक्षित गरिनेछ। तीमध्ये चार सय ५५ जना विद्यार्थीले दीक्षान्त समारोहमा प्रत्यक्ष सहभागी हुन आवेदन दिएका छन्। चौथो दीक्षान्त समारोह तथा विश्वविद्यालय सभा-२०८३ को सञ्चार तथा प्रचारप्रसार उपसमितिका संयोजक डा। विष्णुकुमार खड्काले ग्राजुएट स्कुल अन्तर्गतका विभिन्न संकाय तथा तहका विद्यार्थीलाई दीक्षित गर्ने तयारी पूरा भएको जानकारी दिए।

उनका अनुसार समारोहको अध्यक्षता शिक्षा तथा खेलकुदमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले गर्नेछन्। कार्यक्रममा शिक्षाविद् तथा केदारभक्त माथेमा प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन्। विश्वविद्यालयले दीक्षान्त समारोहलाई भव्य र व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण तयारी पूरा गरिसकेको जनाएको छ। समारोहसँगै विश्वविद्यालयको १८औं सभा र १६औं वार्षिकोत्सवसमेत मनाइने भएकाले कार्यक्रमलाई विशेष महत्वका साथ हेरिएको विश्वविद्यालय प्रशासनले जनाएको छ।

लाम्पाटामा सुरक्षा बेस स्थापना

❐ काँक्रेविहार संवाददाता

बाजुरा, १ असार

बाजुराको हिमाली गाउँपालिका तिन लाम्पाटामा सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त सुरक्षा बेस स्थापना गरिएको छ।

सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै लाम्पाटामा अस्थायी सशस्त्र प्रहरी सुरक्षा बेस र नेपाल प्रहरी चौकी सञ्चालनमा ल्याइएको हो।

सशस्त्र प्रहरी निरीक्षक जनक पौडेलको नेतृत्वमा २१ जना सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी र प्रहरी सहायक निरीक्षक (असई) मिठ्ठु बहादुर बोहराको नेतृत्वमा सात जना नेपाल प्रहरीको टोली लाम्पाटामा खटाइएको छ। उक्त टोली रहने गरी अस्थायी चौकी स्थापना गरिएको सुरक्षा निकायले जनाएको छ।



जेठ तिन र पाँच गते हुम्लाबाट आएका व्यक्तिहरूले लाम्पाटाका स्थानीयमाथि कुटपिट गरेको घटनापछि क्षेत्र तनावग्रस्त बनेको थियो। उनीहरूले लाम्पाटा-रानीसैन क्षेत्र हुम्लामा पर्ने दाबी गर्दै उक्त क्षेत्रमा प्रहरी चौकी राख्न नहुने भन्दै विरोध जनाएका थिए।

घटनापछि उत्पन्न असहज परिस्थितिका कारण लाम्पाटाका स्थानीय विस्थापित भई लाम्पाटाभन्दा करिब चार-पाँच घण्टा पैदल दूरीमा रहेको गुम्बामा आश्रय लिन बाध्य भएका थिए।

सुरक्षा बेस स्थापना भएपछि अवस्था क्रमशः सामान्य बन्दै गएको र स्थानीयहरू पुनः गाउँ फर्किन थालेका हिमाली गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर मल्लले जानकारी दिए।

उनका अनुसार सुरक्षाकर्मीको उपस्थितिपछि स्थानीयवासीमा सुरक्षा अनुभूति बढेको छ र विस्थापित परिवारहरू घर फर्किने तयारीमा छन्।

सुरक्षाकर्मीको उपस्थितिपछि लाम्पाटामा शान्ति-सुरक्षा कायम भएको र अनावश्यक तनाव सिर्जना गर्ने गतिविधि घटेको स्थानीयले बताएका छन्।

दुर्गम क्षेत्र भएकाले लाम्पाटामा स्थायी सुरक्षा संरचना नहुँदा समस्या हुँदै आएको थियो। अब अस्थायी भए पनि सुरक्षा बेस र प्रहरी चौकी स्थापना भएपछि प्रशासन र स्थानीयबीच समन्वय थप मजबुत हुने अपेक्षा गरिएको छ।

नौ मन्त्रालयका विनियोजन शीर्षकमाथिको छलफल पूरा

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १ असार

प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८३ अन्तर्गत विभिन्न नौ वटा मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफल पूरा भएको छ।

सोमवार युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल भएको थियो।



मन्त्रालयका विनियोजन शीर्षकमाथि विभिन्न १२ सांसदले खर्च कटौतीको प्रस्तावसहित र अन्यले दलीय आधारमा छलफलमा भाग लिएका थिए।

सभामुख डोलप्रसाद अर्यालले भोलिको बैठकमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कानुन न्याय तथा संसदीय मामिला, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ तथा रक्षा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपति र राष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकमाथि समूहीकृत छलफल हुने जानकारी गराए।

प्रतिनिधिसभाको अर्को बैठक यही असार २ गते आज मङ्गलबार बिहान ११ बजे हुनेछ।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
मंगलवार, २ असार, २०८३
Tuesday, 16 June 2026

सम्पादकीय

बजेटको आकार होइन कार्यान्वयन बढाऊ

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ३५ अर्ब रूपैयाँभन्दा बढीको बजेट सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षको तुलनामा करिब तीन अर्ब बजेटको आकार बढेको छ । तर कर्णालीका नागरिकका लागि मुख्य चासोको विषय बजेटको रकम कति बढ्यो भन्ने होइन, त्यसले कति परिणाम दिन्छ भन्ने हो । विगतका वर्षहरूमा पनि प्रदेश सरकारले बजेटको आकार क्रमशः विस्तार गर्दै आएको छ । तर खर्च क्षमता कमजोर हुँदा विकासका अपेक्षित प्रतिफल हासिल हुन सकेनन् । हरेक वर्ष महत्त्वाकांक्षी घोषणा गरिए पनि कार्यान्वयनको स्तर कमजोर रहँदा नागरिकको जीवनमा अपेक्षित परिवर्तन आउन सकेको छैन । त्यसैले यस वर्षको बजेटप्रति मूल्यांकनको आधार रकम होइन, कार्यसम्पादन हुनुपर्छ । किनकी नीति तथा कार्यक्रम र बजेट हेर्दा प्रदेश सरकारले नयाँ आयोजना थप्नेभन्दा पनि विगतदेखि अधुरा रहेका योजनाहरूलाई निरन्तरता दिने रणनीति अपनाएको स्पष्ट देखिन्छ ।

सडक, खानेपानी, स्वास्थ्य संस्था, पर्यटन पूर्वाधार तथा ऊर्जा परियोजनाहरू वर्षौंदेखि बजेट र नीति दस्तावेजमा दोहोरिँदै आएका विषय हुन् । अधुरा आयोजना सम्पन्न गर्नेतर्फ केन्द्रित हुनु आफैंमा नकारात्मक कदम होइन । बरू सीमित स्रोतसाधन भएको प्रदेशका लागि यथार्थपरक दृष्टिकोण मान्न सकिन्छ । तर प्रश्न के हो भने, अघिल्ला वर्षहरूमा पनि यस्तै प्रतिबद्धता दोहोरिँदा किन परिणाम आएनन् ? यदि समस्या बजेट अभावभन्दा बढी कार्यान्वयन, समन्वय र प्रशासनिक क्षमतामा छ भने त्यसको समाधानबिना पुराना कार्यक्रम दोहोऱ्याएर मात्र उपलब्धि हासिल गर्न सकिँदैन । यसपटक प्रदेश सरकारले 'शून्य बेरूजु'को महत्वाकांक्षी लक्ष्य अघि सारेको छ । चार अर्ब ७० करोड रूपैयाँभन्दा बढी बेरूजु रहेको अवस्थामा यो लक्ष्य स्वागतयोग्य भए पनि चुनौतीपूर्ण छ । वित्तीय अनुशासन, पारदर्शिता र सुशासनको चर्चा हरेक वर्ष हुने गरेको छ, तर व्यवहारमा खर्च व्यवस्थापन र अनुगमन प्रणाली कमजोर देखिँदै आएको छ ।

स्वास्थ्य क्षेत्रमा प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने योजना फेरि दोहोरिएको छ । शिक्षा सुधार, ' एक घर एक धारा', कृषिमा उत्पादन वृद्धि, बाँझो जमिन उपयोग, जडीबुटी प्रशोधन तथा जलविद्युत् लगानीजस्ता कार्यक्रम पनि पुरानै प्राथमिकताका निरन्तरता हुन् । पर्यटन क्षेत्रमा सुर्खेत विमानस्थल विस्तार र कर्णालीका जिल्लामा नियमित हवाई सेवा सञ्चालन गर्ने प्रतिबद्धता पनि वर्षौंदेखि दोहोरिँदै आएको विषय हो । तर यिनको प्रगति अपेक्षाअनुसार हुन सकेको छैन । कर्णालीजस्तो स्रोतसाधन सीमित प्रदेशका लागि नयाँ योजना घोषणा गर्नु मात्र विकासको सूचक होइन । बरू अधुरा परियोजना सम्पन्न गर्नु, उपलब्ध स्रोतलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्नु, खर्चको गुणस्तर सुधार गर्नु र सुशासन कायम गर्नु नै वास्तविक उपलब्धि हुन सक्छ । अन्यथा, बढ्दो बजेट र दोहोरिने प्रतिबद्धताको चक्र फेरि अर्को वर्ष पनि दोहोरिनेछ । त्यसैले बजेटको आकार होइन, कार्यान्वयनमा ध्यान देऊ ।

बिरामी बालकदेखि विश्वविजेतासम्म : लियोनेल मेस्सीको अमर यात्रा



✍ सरोज न्यौपाने

कथा सुरु हुन्छ एक बिरामी बालकबाट !

एउटा बिरामी बालक, जसले रोगलाई हरायो, आलोचनालाई हरायो र अन्ततः संसार जित्यो ! म त्यही बालकको कारुणिक, सत्य र अमर कथा भन्दै छु। फुटबलमा केही यस्ता देशहरू पनि हुन्छन्, जसलाई उनीहरूको भूगोल र सीमाहरू भुलेर समर्थन गरिन्छ । समर्थन मात्रै कहाँ हो र ? महसुस गरिन्छ-लियोनेल मेस्सीको अर्जेन्टिना एउटा त्यस्तै देश हो ।

निलो र सेता धर्साहरूले सजिएको त्यो जर्सी केवल एउटा राष्ट्रिय टोलीको पहिचान होइन, त्यो त संसारभरका करोडौं मानिसका भावना, सपना, आँसु, गौरव र विश्वासको प्रतीक हो । यही भूमिले डिएगो म्याराडोनाजस्तो विद्रोही प्रतिभा जन्मायो अनि लियोनेल मेस्सीजस्तो मौन जादुगर पनि ।

एउटाले फुटबललाई क्रान्तिको भाषा दिए, अर्काले फुटबललाई कलाको भाषा । र, यी दुई नामको काँधमा उभिएको छ-दक्षिण अमेरिकी देश अर्जेन्टिना ।

तर, आजको कथा केवल अर्जेन्टिनाको होइन, अर्जेन्टिना भन्दा बढी लियोनेल मेस्सीको कथा भन्नेछु म । सायद् त्यही नै धेरैका लागि श्रुतिगम्य हुनसक्छ ।

रोजारियो शहरको एउटा सानो घरबाट सुरु भएर विश्व फुटबलको शिखरसम्म पुगेको एउटा बिरामी तर असाधारण बालकको कथा हो यो ।

एउटा यस्तो बालक, जसको शरीरले उसको सफलता जत्तिकै छिटो उचाइ चुम्न मानेन । जसले रोगसँग लड्यो । घर छोड्ने पीडासँग लड्यो । आलोचनासँग लड्यो । तिरस्कार र असफलतासँग लड्यो । र अन्ततः संसारै जित्यो । त्यो बालक थियो- लियोनेल आन्द्रेस मेस्सी !

रोजारियोदेखि क्याटालोनियासम्म : एउटा सपनाको बीजारोपण

सन् १९८७ मा अर्जेन्टिनाको रोजारियो शहरमा जन्मिएका मेस्सीको बाल्यकाल कुनै परीकथा भन्दा कम थिएन । फुटबल उनको पहिलो प्रेम थियो तर जीवनले उनलाई सुरुमै एउटा कठिन परीक्षा लियो ।

सानै उमेरमा उनलाई ग्रोथ हर्मोन डेफिसियन्सी भएको पत्ता लाग्यो । शारीरिक विकास सामान्य रूपमा भइरहेको थिएन । उपचार महङ्गो थियो । परिवारको आर्थिक अवस्था कमजोर थियो । परिवारसँग एउटा विशाल सपना त थियो तर त्यहाँसम्म पुग्ने बाटो साँघुरिँदै गइरहेको थियो । धेरै बालबालिकाका सपनाहरू सायद यस्तै मोडमा आएर टुङ्गिन्छन् तर मेस्सीको सपना रोकिएन ।

१३ वर्षको उमेरमा उनी स्पेन पुगे । आफ्नो शहर, आफ्ना साथीहरू, आफ्नो भाषा र आफ्नो परिवेश सारा पछाडि छोडेर उनी क्याटालोनिया सहर आइपुगे । बार्सिलोनाले उनको प्रतिभा देख्यो । उपचारको जिम्मा लियो । एउटा यस्तो अवसर सिर्जना गरिदियो-जसले आधुनिक विश्व फुटबलको इतिहास नै परिवर्तन गरिदियो । त्यो उमेरमा घर छोड्नु सजिलो थिएन । त्यो भौगोलिक र भावनात्मक दुबै हिसाबले कठिन थियो । एउटा किशोरले आफ्नो बाल्यकाल त्यागेर भविष्य रोजेको थियो । परिवारले पनि उक्त जोखिम उठायो । त्यतिबेला कसैले कल्पना पनि गरेको थिएन कि यही बिरामी बालकले एकदिन फुटबलका लगभग सबै सम्भावित कीर्तिमानहरू आफ्नो नाममा लेखाउनेछ । आज भयो पनि त्यस्तै ।

क्लब बार्सिलोना : मेस्सीप्रेरित स्वर्णयुग

क्याटालोनियामा पाइला टेकेको त्यो बिरामी किशोर केही वर्षमै विश्व फुटबलको केन्द्र बन्न पुग्यो । जाभी, इनिएस्टा, बुस्केट्स, पुइयोल र पछि नेयमार तथा सुआरेजजस्ता असाधारण खेलाडीहरूको बीचमा मेस्सीले आफ्नो छुट्टै र विशिष्ट पहिचान बनाए उनी केवल गोलकर्ता मात्रै थिएनन् । केवल प्लेमेकर पनि थिएनन् । उनी खेललाई आफ्नो इच्छाअनुसार मोड्न सक्ने दुर्लभ कलाकार थिए । सायद् उनीसँग केही दुर्लभ क्षमता थियो । त्यसैले त उनी समयक्रममा असाधारण कहलिए । जब बल उनको खुट्टामा हुन्छ-बस् समय रोकिएजस्तो लाग्छ । विपक्षीहरू उनको अगाडि पर्खालझैं देखिन्छन तर केही क्षणमै ती पर्खालहरू भत्किइसकेका हुन्छन् । अरू खेलाडीहरू दौडिरहेका हुन्छन्, मेस्सी सोचिरहेका र त्यो सोचाइ प्रायः विपक्षीहरूको कल्पनाभन्दा धेरै पर पुगिसकेको हुन्छ । हामीले वर्षौंदेखि मैदानमा देखिरहेको जादु हो यो । बार्सिलोनाका लागि उनले दर्जनौं उपाधिहरू जिताए । ला लिगा । कोपा डेल रे । युइएफए च्याम्पियन्स लिग । क्लब विश्वकप जस्ता फुटबल इतिहासका सबैभन्दा गौरवशाली रातहरूका मुख्य नायक थिए मेस्सी ।

क्याटालोनियामा उनले केवल ट्रफी मात्रै जितेनन्- आफ्नो सम्पूर्ण उर्जाशील समय खर्चिए । आफ्नो प्रतिभाको प्रत्येक थोपा पसिनामा परिणत गरे । समर्थकहरूका लागि मेस्सी र बार्सिलोना अलग-अलग नाम रहेनन् । ती एकअर्काका पर्याय बने । तर संसारका सबैभन्दा सुन्दर प्रेमकथाहरूमा पनि कहिलेकाहीं पीडादायी अध्याय आउँछन् । बिछोडहरू हुन्छन् । त्यस्तै वियोगान्त कथा बन्यो मेस्सी र बार्सिलोनाको । सन् २०२१ मा आर्थिक र प्रशासनिक जटिलताका कारण मेस्सी बार्सिलोना छोड्न बाध्य भए । पत्रकार सम्मेलनमा रोइरहेका मेस्सी र आँसु पुछिरहेका समर्थकहरूको त्यो दृश्य फुटबल इतिहासकै सबैभन्दा मार्मिक बिदाइहरूमध्ये एक हो । दुई पक्ष छुट्टिन चाहँदैनथे तर परिस्थितिले छुट्टिन बाध्य बनायो । म स्वयम् उक्त वियोगान्त क्षणको भर्चुअल साक्षी हुँ ।

त्यसपछि उनी फ्रान्स पुगे । पेरिस सेन्ट-जर्मेनमा पनि उनले सफलता हासिल गरे । लिग उपाधिहरू जिते । आलोचनाकाबीच पनि आफ्नो दबदबा कायम राखे तर उनको अर्को गन्तव्य अझ रोचक बन्यो । अमेरिकाको सकर लिग क्लब इन्टर मियामी । इन्टर मियामीमा पुगेपछि उनले केवल एउटा क्लबलाई सफल मात्रै बनाएनन् । क्लबको पहिचान नै बदलिदिए । उनले अमेरिकी फुटबललाई विश्व फुटबलको मुख्य बहसमा ल्याइदिए । आकर्षणको केन्द्रमा ताने । भरिन सङ्घर्ष गरिरहेका रङ्गशालाहरू भरिन थाले । विश्व मिडियाको ध्यान अमेरिकी फुटबलतर्फ मोडियो । एक खेलाडीले फेरि एकपटक प्रमाणित गरे, मेस्सी महानता । मेस्सी जहाँ पुग्छ, खेलको अर्थ र परिभाषा नै बदलिन्छ ।

तर, क्लब फुटबलमा जति सफल भए पनि उनको जीवनको सबैभन्दा कठिन परीक्षा अझै बाँकी थियो । त्यो परीक्षा थियो- अर्जेन्टिनाका लागि ।

आंशिक सफलता त थियो तर पूर्णता थिएन । वर्षौंदेखि उपाधीको मृगतृष्णा बोकेर संसारभरिका फुटबल समर्थक बाँचेको धेरै भैसकेको थियो । बार्सिलोनामार्फत क्लब फुटबलका लागि उनले लगभग सबै कुरा जितिसकेका थिए । संसारका सर्वश्रेष्ठ खेलाडीका रूपमा स्थापित भइसकेका थिए ।

सबै खेलाडीलाई पछि पार्दै ८ पटक बालोन डि'ओर जित्ने दुर्लभ कीर्तिमान पनि आफ्नो नाममा लेखाए तर पनि यी सबै विषय उनका लागि नयाँ होइनन्, साधारण थिए । किनकि, अर्जेन्टिनाभित्र मात्रै होइन, संसारभर सधैं एउटा प्रश्न निरन्तर दोहोरिइरहेको थियो-आखिर देशका लागि कहिले ?

म्याराडोनाको देशमा महानताको मापन राष्ट्रिय टोलीको प्रदर्शन र त्यसको नतिजाले गर्छ । त्यहाँ क्लब फुटबलका उपलब्धिहरूलाई सम्मान त गरिन्छ तर अमरताको अन्तिम मुकुट चाहिँ राष्ट्रिय टोलीको सफलताले मात्र पहिराउँछ ।

मेस्सीले निरन्तर प्रयास गरिरहे । सन् २०१४ को विश्वकपमा उनले अर्जेन्टिनालाई फाइनलसम्म पुऱ्याए । पूरा राष्ट्रले सपना देख्न थालेको थियो तर जर्मनीविरुद्धको फाइनलमा मारियो गोट्जेको गोलले अर्जेन्टिनाको सपना चकनाचुर बनाइदियो । तर, पीडा त्यतिमै रोकिएन ।

सन् २०१५ को कोपा अमेरिका फाइनल । फाइनलमा पराजय । सन् २०१६ को कोपा अमेरिका सेन्टेनारियो फाइनल । अनि, फेरि पराजय ।

लगातार तीन ठूला फाइनल गुमाइसकेपछि आलोचनाको आँधी नै चल्यो । संसारका सबैभन्दा महान खेलाडी आफ्नै देशमा कठघरामा उभ्याइए । उनको नेतृत्व क्षमतामाथि प्रश्न उठाइयो ।

बस्ती हटाइएपछि विस्थापित परिवारको आक्रोश प्रदर्शन

काँक्रेविहार संवाददाता

कोहलपुर, १ असार

बाँकेमा भूमिहीन दलित तथा अव्यवस्थित बस्तीका घरटहरा डोजर लगाएर भत्काइएको एक महिना बितिसक्दा पनि वैकल्पिक व्यवस्थापन नभएको भन्दै विस्थापित परिवारहरू आन्दोलनमा उत्रिएका छन् ।

आइतबार उनीहरूले शिक्षा, स्वास्थ्य, रोजगारी र स्थायी आवासको व्यवस्था गर्न माग गर्दै प्रदर्शन गरेका हुन् । प्रभावित परिवारहरूले सरकारबाट उचित व्यवस्थापन बिना नै बस्ती भत्काइएको आरोप लगाउँदै चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेका छन् ।



संघर्ष समितिका संयोजक वीरबहादुर परियारका अनुसार करिब ७५१ घरपरिवार विस्थापित भएका थिए, जसमा हाल एक सय १५ परिवार मात्र होल्डिङ सेन्टरमा बसिरहेका छन् भने बाँकी परिवार भाडामा वा अन्यत्र कठिन अवस्थामा बस्न बाध्य छन् ।

उनले होल्डिङ सेन्टरलाई "अघोषित कारागार" जस्तै भएको भन्दै तत्काल स्थायी बसोबासको व्यवस्था गर्न माग गरे । नगरपालिकाले गत वैशाख २६-२७ गते कोहलपुर तिन (ख) क्षेत्रको करिब ३६ बिघा जग्गामा रहेका एक सय ४८ घरटहरा हटाएको थियो ।

अहिले विस्थापित परिवारहरूका लागि नगरका विभिन्न १६ स्थानमा होल्डिङ सेन्टर तोकिए पनि धेरैजसो प्रयोगमा छैनन् । नगर प्रहरी प्रमुखका अनुसार हाल तीन स्थानमा मात्रै एक सय १५ परिवार बसिरहेका छन । जसमा नयाँ बसपार्क टर्मिनल भवन, पुरानो बसपार्क भवन र एक विद्यालय भवन समावेश छन् ।

विस्थापितहरूले "डोजर आतङ्क" बन्द गर्न, भूमिहीनको अधिकार सुनिश्चित गर्न र तत्काल पुनःस्थापना गर्न सरकारसँग माग गरेका छन् ।

कर्णाली...

हुने अनुमान गरिएको छ ।

यस्तै संघीय सरकारबाट राजस्व बाँडफाँटमार्फत १० अर्ब ६६ करोड ५० लाख ४९ हजार रुपैयाँ, वित्तीय समानीकरण अनुदानबाट १० अर्ब ६३ करोड २३ लाख रुपैयाँ र सशर्त अनुदानबाट ५ अर्ब ६७ करोड २५ लाख रुपैयाँ प्राप्त हुने अपेक्षा गरिएको छ ।

मन्त्रालयगत बजेट बाँडफाँटमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले सबैभन्दा ठूलो हिस्सा पाएको छ ।

उक्त मन्त्रालयका लागि १० अर्ब ९३ करोड २१ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ ।

सामाजिक विकास मन्त्रालयका लागि ६ अर्ब १० करोड ५ लाख ९५ हजार रुपैयाँ र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका लागि ४ अर्ब ८१ करोड ९५ लाख ८६ हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब ९२ करोड ८७ लाख ६८ हजार रुपैयाँ र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि २ अर्ब ४६ करोड ४७ लाख ७४ हजार रुपैयाँ छुट्याइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि ६७ करोड ५ लाख ५७ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

कृषि...

लागि ९ करोड ६० लाख विनियोजन गरिएको छ,' शाहले भने, 'साना सिँचाइ र डिजिटल कृषिः साना सिँचाइ, डिजिटल कृषि सेवा र प्राकृतिक कृषिको नमुना फार्म स्थापनाका लागि ३३ करोड ९५ लाख विनियोजन गरिएको छ ।' तर यस्ता, कार्यक्रम विगतकै आइरहेका थिए । नश्ल सुधार, खोप अभियान, गोठ सुधार र साइलेज उपयोगिताका लागि ८ करोड ३६ लाख ५० हजार विनियोजन गरिएको छ, भने जुम्ला, हुम्ला, कालीकोट, मुगु र डोल्पामा भेडा र च्याङ्राको क्लस्टर विकासका लागि १२ करोड १७ लाख विनियोजन गरिएको छ ।

कोहलपुर-सुर्खेत १३२ केभी लाइन पुनः सञ्चालन



काँक्रेविहार संवाददाता

सुर्खेत, १ असार

हावाहुरीका कारण एक महिनादेखि अवरुद्ध रहेको कोहलपुर-सुर्खेत एक सय ३२ केभी विद्युत प्रसारण लाइन पुनः सञ्चालनमा आएको छ।

आइतबार दिउँसो तिन बजेदेखि लाइन सुचारु भएसँगै सुर्खेतसहित कर्णाली प्रदेशका विभिन्न जिल्लामा विद्युत आपूर्ति सहज हुने अपेक्षा गरिएको छ। गत वैशाख ३० गते आएको शक्तिशाली हुरीले बाँकेको चिसापानी नजिक कृष्ण सामुदायिक वन क्षेत्रमा रहेका ४४ र ४५ नम्बरका दुई वटा टावरमा गम्भीर क्षति पुऱ्याएको थियो। हुरीसँगै करिब २२ मिटर टाढाबाट ढलेको ३८ मिटर लामो र ठूलो रुख प्रसारण लाइनमा खस्दा दुवै टावर पूर्ण रूपमा भत्किएका थिए, जसका कारण लाइन पूर्ण रूपमा अवरुद्ध भएको थियो। क्षतिग्रस्त टावर हटाएर नयाँ टावर निर्माण गर्न करिब एक महिना लागेको आयोजना प्रमुख रवि चौधरीले जानकारी दिए। उनका अनुसार आइतबार दिउँसो तिन बजेदेखि लाइन पुनः सञ्चालनमा ल्याइएको हो। निर्माण सम्पन्न भएपछि विद्युत प्रवाह पुनः नियमित गरिएको र आपूर्ति अवस्था क्रमशः सुधार भइरहेको आयोजनाले जनाएको छ।

कोहलपुर सुर्खेत-दैलेख एक सय ३२ केभी प्रसारण लाइन कर्णाली प्रदेशको विद्युत आपूर्ति सुधार गर्ने उद्देश्यले निर्माण गरिएको प्रमुख पूर्वाधार परियोजना हो। २०७७ असारमा सुरु भएको यो आयोजनाको ठेक्का भारतीय निर्माण कम्पनी आरएस इन्फ्राप्रोजेक्ट प्रालिले करिब ७० करोड रुपैयाँमा पाएको थियो। विभिन्न प्राविधिक र निर्माण प्रक्रियापछि आयोजना २०८२ फागुनमा सम्पन्न भई सञ्चालनमा आएको थियो। तर सञ्चालनमा आएको एक महिनामै प्राकृतिक विपद्का कारण लाइन अवरुद्ध भएपछि यसको विश्वसनीयताबारे प्रश्न उठ्न थालेका थिए।

लाइन पुनः सञ्चालनमा आएपछि सुर्खेत सहित कर्णालीका धेरै जिल्लामा विद्युत आपूर्ति सहज बनेको छ। यद्यपि प्रदेशका धेरै स्थानमा अझै पनि पर्याप्त र नियमित विद्युत सेवा पुग्न सकेको छैन।

भोल्टेज कम हुने, पर्याप्त भोल्टेज बिना हुन्छ, जसले उद्योग सञ्चालनमा समस्या सिर्जना गरिरहेको छ।

उत्पादनमूलक क्षेत्रहरूमा यस्तो अनियमितताले ठूलो असर पारेको उद्योगीहरूको भनाइ छ। कर्णाली प्रदेशमा विद्युत पूर्वाधार विस्तार र स्तरोन्नति अपेक्षित गतिमा अघि बढ्न नसक्दा विकास निर्माणका कामसमेत प्रभावित भइरहेका छन्।

सडक, स्वास्थ्य, शिक्षा तथा उद्योगजस्ता क्षेत्रको विकासका लागि भरपर्दो विद्युत सेवा आधारभूत आवश्यकता भए पनि त्यसको आपूर्ति अझै चुनौतीपूर्ण देखिन्छ।

सरोकारवालाहरूले कोहलपुर-सुर्खेत एक सय ३२ केभी प्रसारण लाइनलाई मात्र उपलब्धि मानेर नरोकिने भन्दै प्रदेशभर विद्युतीकरणलाई तीव्रता दिनुपर्ने आवश्यकता औंल्याएका छन्।

प्राकृतिक विपद् प्रतिरोधी संरचना निर्माण, वितरण प्रणाली सुधार तथा नियमित आपूर्ति सुनिश्चित गर्न थप लगानी र प्रभावकारी व्यवस्थापन आवश्यक रहेको उनीहरूको सुझाव छ।

अघोषित विद्युत कटौती हुने तथा आपूर्तिमा अस्थिरता देखिने समस्या भने यथावत छन्। उद्योगी रमा आचार्यका अनुसार कर्णालीमा विद्युत सेवा अत्यन्तै अनियमित छ।

सामान्य वर्षा, हुरी वा रुखका हाँगा भाँचिँदा समेत लामो समयसम्म विद्युत अवरुद्ध हुने गरेको उनको अनुभव छ। उनले भनिन्, "पानी परे बत्ती जान्छ, हुरी चले हराउँछ, रुख ढल्यो भने पूरै क्षेत्र अन्धकार हुन्छ। कर्णालीमा बिजुली गायब हुन ठूलो कारण चाहिँदैन।"

उनका अनुसार दिनमा मात्र केही घण्टा मात्र नियमित जस्तो देखिने विद्युत पनि

डोल्पामा जल सम्मेलन सम्पन्न



काँक्रेविहार संवाददाता

डोल्पा, १ असार

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकामा खानेपानी तथा सरसफाइ योजनाको दिगोपना, सुशासन र उपभोक्ता समितिको संस्थागत सुदृढीकरणलाई केन्द्रमा राख्दै दुई दिवसीय जल सम्मेलन सम्पन्न भएको छ।

नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको आयोजनामा तथा सुस्वा आयोजना सहयोग इकाइ जुफालको सहजीकरणमा सम्पन्न सम्मेलनमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, जनप्रतिनिधि तथा नगरभित्रका ४२ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

सम्मेलनलाई सम्बोधन गर्दै नगर प्रमुख जनचन्द्र रोकायाले खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकासका लागि स्थानीय समुदायको सक्रियता आवश्यक रहेको बताए।

उनले बाह्य साझेदार संस्थाहरूले सिकाउने उपायहरूको दीर्घकालीन प्रयोग र व्यवस्थापन समुदायमै निर्भर हुने भएकाले स्थानीय स्वामित्व अनिवार्य रहेको उल्लेख गरे।

प्रमुख प्रशासकीय अधिकृत राजु कुवाँरले दुर्गम हिमाली भौगोलिक अवस्थाका कारण आधारभूत सेवाको पहुँच विस्तार चुनौतीपूर्ण भए पनि "कोही पनि सेवाबाट वञ्चित नहोस्" भन्ने लक्ष्यसहित नगरपालिका अघि बढिरहेको बताए।

उनका अनुसार नगरभित्रका ४२ मध्ये २१ खानेपानी योजना निर्माण सम्पन्न भइसकेका छन्। उनले विकास साझेदार संस्थाहरू स्थायी रूपमा समुदायमा नरहने भएकाले संरचनाको संरक्षण, मर्मत सम्भार र दिगोपनाको मुख्य जिम्मेवारी उपभोक्ता समितिकै हुनेमा जोड दिए। साथै, आगामी वर्षको नीति तथा कार्यक्रम निर्माणमा प्रमाणमा आधारित योजना छनोट, पारदर्शिता र समावेशितालाई प्राथमिकता दिइने जानकारी दिए।

सुस्वा परियोजनाका सुशासन विज्ञ निराजन श्रेष्ठले परियोजना आगामी आर्थिक वर्ष २०८३/०८४ मा बहिर्गमन चरणमा पुग्ने बताए। उनका अनुसार परियोजनाले संस्थागत क्षमता विकास, जलवायु-उत्थानशील खानेपानी संरचना सुधार तथा सरसफाइ र सामाजिक रूपान्तरणका क्षेत्रमा काम गरिरहेको छ। त्यसैगरी, विज्ञ राम तिवारीले लैङ्गिक समानता, सामाजिक समावेशिता र अपाङ्गता भएका व्यक्तिको सहभागितालाई योजनादेखि कार्यान्वयनसम्म समेट्नुपर्नेमा जोड दिए।

दुई दिनसम्म चलेको सम्मेलनमा खानेपानी योजनाको मर्मत सम्भार, वित्तीय व्यवस्थापन, सुशासन, सेवा शुल्क संकलन तथा संस्थागत क्षमता अभिवृद्धिबारे विस्तृत छलफल भएको थियो। सहभागीहरूले आफ्ना अनुभव, चुनौती र असल अभ्यासहरू पनि आदान-प्रदान गरेका थिए।

सम्मेलनको समापनमा उपभोक्ता समितिहरूले नियमित मर्मत सम्भार, पारदर्शी वित्तीय व्यवस्थापन, प्रभावकारी महसुल संकलन र समन्वय सुदृढीकरण गर्ने प्रतिबद्धता जनाएका छन्। उत्कृष्ट कार्यसम्पादन गर्ने तीन उपभोक्ता समितिहरूलाई प्रशंसापत्र र नगद पुरस्कार प्रदान गरिएको थियो।

पर्या-पर्यटन तथा जलवायु सम्मेलन



काँक्रेविहार संवाददाता

जुम्ला, १ असार

जुम्लाको तातोपानी गाउँपालिका चार स्थित गिडिदहमा पहिलो पटक पर्या-पर्यटन तथा जलवायु सम्मेलन सम्पन्न भएको छ। सम्मेलनले दिगो पर्यटन विकास, जैविक विविधता संरक्षण र जलवायु परिवर्तनका असर न्यूनीकरणलाई केन्द्रमा राख्दै "गिडिदह पर्यटन प्रवर्द्धन तथा जलवायु घोषणापत्र-२०८३" जारी गरेको छ।

'प्रकृति हेरौं, महसुस गरौं, पर्यापर्यटन प्रवर्द्धनमा जुटौं' भन्ने नारासहित आयोजित सम्मेलनमा स्थानीयवासी, विद्यार्थी, जनप्रतिनिधि तथा विभिन्न क्षेत्रका सरोकारवालाको उल्लेख्य सहभागिता रहेको थियो।

सम्मेलनबाट जारी १५ बुँदे घोषणापत्रमा गिडिदह र आसपासका जलाधार क्षेत्रको संरक्षण, वन्यजन्तुको बासस्थान जोगाउने, जैविक विविधता संरक्षण तथा चरन क्षेत्रको व्यवस्थित उपयोग गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

वडाध्यक्ष अमरबहादुर रोकायाका अनुसार गिडिदहलाई वातावरणमैत्री पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न प्लास्टिक निषेध क्षेत्र घोषणा गर्ने, शून्य फोहोर व्यवस्थापन रणनीति लागू गर्ने तथा पदमार्ग निर्माणलाई अघि बढाउने योजना छ।

निर्माण हुने पूर्वाधारमा कंक्रिट र सिमेन्टको प्रयोग घटाउँदै प्रकृतिमैत्री संरचनालाई प्राथमिकता दिइने पनि उल्लेख गरिएको छ। सम्मेलनले स्थानीय आर्थिक विकासलाई पर्यटनसँग जोड्ने लक्ष्यसमेत लिएको छ। रैथाने बस्तीहरूमा सामुदायिक होमस्टे सञ्चालन गर्ने, स्थानीय कला-संस्कृति र अर्गानिक खाद्य परिकारको प्रवर्द्धन गर्ने तथा युवालाई 'क्लाइमेट गाइड' का रूपमा परिचालन गरी रोजगारी सिर्जना गर्ने योजना अघि सारिएको छ।

घोषणापत्रमा रैथाने कृषि प्रणाली संरक्षण, खाद्य सुरक्षाको प्रवर्द्धन, वन तथा जडीबुटी संरक्षण, डढेलो नियन्त्रण र जलवायु अनुकूलन कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने प्रतिबद्धता पनि समेटिएको छ। साथै, जलवायु न्यायका लागि तीनै तहका सरकारबीच समन्वय बढाउनुपर्नेमा जोड दिइएको छ।

सम्मेलनका अवसरमा विद्यार्थीबीच वक्तृत्वकला प्रतियोगिता तथा जिल्ला स्तरीय देउडा प्रतियोगिता पनि आयोजना गरिएको थियो। आयोजकका अनुसार यस्ता गतिविधिले जलवायु परिवर्तनका चुनौतीबारे जनचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको हो।

गिडिदह समुद्री सतहबाट करिब तिन हजार चार सय ८५ मिटर उचाइमा अवस्थित छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता र धार्मिक महत्वका कारण यो क्षेत्र जुम्लाको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदै गएको छ। यहाँ पदमार्ग, धर्मशाला, सूचना बोर्ड लगायत पूर्वाधार निर्माणमा हालसम्म उल्लेख्य लगानी भइसकेको जनाइएको छ।

सम्बन्ध सुदृढीकरणबारे कुरा

काँक्रेविहार संवाददाता

काठमाडौं, १ असार

बेइजिङमा चीनका मन्त्री लिउ हाइसिङसँग नेपालका परराष्ट्रमन्त्री शिशिर खनालले सोमाबार भेटवार्ता गरेका छन् ।

परराष्ट्रमन्त्री खनालले सामाजिक सञ्जाल फेसबुकमार्फत चीनको कम्युनिष्ट पार्टी (सीपीसी) केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागका मन्त्री लिउ हाइसिङसँग बेइजिङमा भेटवार्ता भएको जानकारी दिएका छन्।

उनले भेटमा नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, पार्टी-पार्टीबीचको आदानप्रदान विस्तार गर्ने तथा जनस्तरको सम्बन्धलाई अझ गहिरो बनाउने विषयमा फलदायी छलफल भएको उल्लेख गरेका छन्।

चीनमा रहँदा परराष्ट्रमन्त्रीले आफ्ना समकक्षी वाङसँग नेपाल-चीन सम्बन्ध अझ सुदृढ बनाउने तथा आपसी सहकार्यलाई अझ सबल बनाउने सम्बन्धमा द्विपक्षीय वार्ता गर्ने छन् । उनले चीनका उच्च अधिकारीहरूसँग पनि बेग्लाबेग्लै भेटवार्ता गर्ने तालिका छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

मंगलवार, २ असार, २०८३
Tuesday, 16 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

प्राविधिक शिक्षामा प्रदेश सरकारको जोड



कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले प्रदेशमा रोजगारीका अवसर विस्तार गर्न तथा बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताए।

काँक्रेविहार संवाददाता
सुर्खेत, १ असार

कर्णाली प्रदेशमा प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि तथा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले प्राविधिक शिक्षालय र विद्यालयका प्रशिक्षकहरूका लागि क्षमता विकास तालिम सुरु गरिएको छ।

प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिएको उक्त तालिम असार १० गतेसम्म जारी रहनेछ। प्राविधिक शिक्षाको स्तर सुधार्दै शिक्षण पद्धति र व्यावहारिक सीपलाई प्रभावकारी बनाउने लक्ष्यसहित आयोजना गरिएको यो तालिम चालु आर्थिक वर्षभित्र सञ्चालन गरिएको चौथो ब्याच हो।

तालिममा प्रदेशका विभिन्न जिल्लाबाट सहभागी प्रशिक्षकहरूलाई आधुनिक शिक्षण विधि, सीप विकास र श्रम बजारको आवश्यकता अनुसार प्रशिक्षण प्रदान गरिने जनाइएको छ।

तालिम उद्घाटन कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले प्रदेशमा रोजगारीका अवसर विस्तार गर्न तथा बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताए।

उनले पछिल्लो समय प्राविधिक शिक्षाप्रति विद्यार्थी र अभिभावकको आकर्षण घट्दै गएको उल्लेख गर्दै शिक्षाको गुणस्तर सुधार्न नयाँ सोच र व्यावहारिक योजना आवश्यक रहेको धारणा राखे। मन्त्री भण्डारीले कर्णालीको भौगोलिक अवस्था र स्थानीय आवश्यकतालाई ध्यानमा राखेर उत्पादनमुखी तालिम तथा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए।

स्थानीय स्रोत-साधनको उपयोग गरी उत्पादन वृद्धि र स्वरोजगार सिर्जनामा केन्द्रित कार्यक्रमले प्रदेशको आर्थिक विकासमा टेवा पुग्ने उनको भनाइ थियो। उनले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तर्गतका शिक्षालयहरूमा प्रदेश सरकारले लगानी बढाउँदै आएको जानकारी दिँदै लगानीअनुसार प्रतिफल प्राप्त हुनुपर्ने बताए।

प्रशिक्षकहरूको क्षमता अभिवृद्धिबाट गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन हुने विश्वास व्यक्त गर्दै उनले तालिमले प्राविधिक शिक्षाको सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरे।

प्रदेश सरकारका अनुसार यस्ता तालिमले प्रशिक्षकहरूको दक्षता बढाउनुका साथै प्राविधिक शिक्षालाई समयसापेक्ष, व्यावहारिक र रोजगारमुखी बनाउन सहयोग पुग्नेछ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/०२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मनिस गौली** धनी रहेको, **दर्ता नम्बर** १०७७६/०८१/०८२ बाट **वीरेन्द्रनगर-६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सउल एजुकेशनल सेन्टर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

नलगाड नगरपालिका

४ नं. वडा कार्यालय

खालचौर, जाजरकोट
कर्णाली प्रदेश
२०७३

खानेपानी मुहान दर्ता सम्बन्धी ३५ दिने सूचना

प्रस्तुत सम्बन्धमा कर्णाली प्रदेश जाजरकोट जिल्ला नलगाड नगरपालिका वडा नं. ४ अन्तर्गत पर्ने काली बहादुर थापाको पाखोबारीमा मुहान भई माजगाउँ खानेपानी मुहान उपभोक्ता समिति गठन गरी मुहान दर्ता गर्नुपर्ने भएकाले उक्त मुहानको पूर्वमा काली बहादुर थापाको आवाधी जग्गा, पश्चिममा धन बहादुर खत्रीको कयार पथारा, उत्तरमा काली बहादुर थापाको पथारा र दक्षिनमा वडा कार्यालय जाने घोरेटो बाटो उल्लेखित चार किल्ला भित्र गैराखोला मुहान कोही कसैको सन्धीसर्पन गौचरण पानीघाट धार्मिक स्थल वा सार्वजनिक महत्वको स्थान पर्छ भने आफूसँग रहेको सक्कल प्रमाण पत्र सहित ३५ दिन भित्र वडा कार्यालयको कार्यालयमा उजुर वा निवेदन पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। उल्लेखित मितिमा कुनै निवेदन पर्न नआएमा नियम अनुसार माथि उल्लखित मुहान दर्ताका लागि सिफारिस भइ जाने र म्याद गुजारी आएको निवेदन उपर कुनै कार्वाही नहुने व्यहोरा यसै सूचनद्वारा जानकारी गरिन्छ।

(बद्री बहादुर पन्त)
वडा अध्यक्ष

योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५९१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)